# बेनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बेनी, म्याग्दी

२०७३

प.सं.: २०७९/०८०

च.नं.:

गण्डकी प्रदेश, नेपाल

## नगरपालिकाको प्रतिक चिन्ह (Logo) डिजाईन गरी पेश गर्ने सम्बन्धी सूचना !

(सूचना प्रकाशित मिति २०७९/११/३०)

प्रस्तुत विषयमा बेनी नगरपालिकाको भूगोल, जनजीविका, ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवम् अन्य विशिष्ट पहिचान झल्किने गरी प्रतिस्पर्धात्मक विधिबाट प्रतिक चिन्ह (Logo) निर्माण गरी प्रयोगमा ल्याउने भन्ने बेनी नगर कार्यपालिकाको मिति २०७९/११/२९ गतेको निर्णय बमोजिम बेनी नगरपालिकाको लोगो डिजाईन गरी पेश गर्न चाहने ईच्छुक व्यक्तिले तपसिलका शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनभित्र प्रतिक चिन्ह (Logo) डिजाईन गरी सोको E- Copy खामवन्दी गरी यस कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

क) प्रतिक चिन्ह (Logo) मा नगरपालिकाको नाम र नेपालको झन्डा अनिवार्य समावेश हुनुपर्नेछ ।

ख) प्रतिक चिन्ह (Logo) को डिजाईन पेश गर्न इच्छुक व्यक्तिले डिजाईन साथ अनिवार्य रुपमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी संलग्न गर्नु पर्नेछ ।

ग) प्रतिक चिन्ह (Logo) ले बेनी नगरपालिकाको पहिचान, भाव, विशेषता तथा विशिष्टता झल्काउनु पर्नेछ । प्रतिक चिन्ह (Logo) मा प्रयोग भएका संकेतहरुको संक्षिप्त ब्याख्या गर्नुपर्नेछ ।

घ) कुनै पनि जातिय विभेद, साम्प्रदायिकता, सार्वभौमिकता, राष्ट्रिय एकता र अखण्डतामा आँच आउने संकेत वा चिन्ह प्रयोग गर्न पाईने छैन ।

ङ) पेश भएको डिजाइनमध्ये मूल्याङकन समितिबाट उत्कृष्ट ठहराईएको प्रतिक चिन्ह (Logo) मा सामान्य परिमार्जन आवश्यक देखिएमा सम्बन्धित व्यक्तिलाई आवश्यक परिमार्जन गर्न लगाई परिमार्जित डिजाइन स्वीकृत गर्न सकिनेछ।

च) प्रतिक चिन्ह (Logo) को डिजाईन स्वीकृति सम्बन्धी सम्पूर्ण अधिकार नगरपालिकामा निहित रहनेछ ।

छ) सामूहिक रुपमा गरेको डिजाईनलाई मान्यता दिईने छैन ।

ज) स्वीकृत प्रतिक चिन्ह (Logo) को सर्वाधिकार नगरपालिकामा रहनेछ र डिजाईनकर्ताले अन्यत्र प्रयोग गर्न पाउने छैन ।

झ) नगरपालिकाको मूल्याङ्कन समितिद्वारा उत्कृष्ट ठहर्याइएको प्रतिक चिन्ह (Logo) को डिजाइनकर्तालाई पुरस्कार स्वरुप नगद रु.२५००० (पच्चीस हजार रुपैया) र सम्मान-पत्र प्रदान गरिनेछ ।

.................

(धोलकराज ढकाल)

प्रमुख प्रशासकीय अधिकृत